# कानेपोखरी गाउँपालिका

# दोस्रो कार्यकालको पहिलो १०० दिन

विभिन्न विषयक्षेत्रगत ९९ वटा नीति तथा कार्यक्रम पारित गर्दै एउटा गाउँ सभा (बाह्रौं) र आठवटा गाउँ कार्यपालिकाको बैठकको निर्णयबाट गरिएका नीतिगत, संस्थागत, कार्यक्रमगत व्यवस्था तथा कार्यान्वयनको अवस्था विषयक्षेत्रगतरुपमा देहाय बमोजिम रहेको छः

| क्र.सं. | विषयगत क्षेत्र | संस्थागत/नीतिगत/कार्यक्रमगत व्यवस्था | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १. | सामाजिक विकास (शिक्षा) | -निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृत्तिको व्यवस्थापनलाई संस्थागत गर्न **कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन, २०७९** को तर्जुमा।<br>-**"निःशुल्क शिक्षा, पालिकाको इच्छा"** कार्यक्रम,<br>-**"प्राविधिक विधामा रोजगारी, कानेपोखरीका छोराछोरी"**, कार्यक्रम,<br>-**"सासुको इच्छा, बुहारीलाई शिक्षा"** कार्यक्रम<br>**-नमुना विद्यालय भवन शिलान्यास,**<br>-गाउँपालिकाबाटै सामुदायिक विद्यालयको **आन्तरिक लेखापरीक्षण गर्ने** व्यवस्थाको थालनी, | **"निःशुल्क शिक्षा, पालिकाको इच्छा" कार्यक्रमः**<br>गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कक्षा ११ र १२ अध्ययन गर्न भर्ना भएका कानेपोखरीबासी विद्यार्थीहरुलाई क्रमशः निःशुल्क शिक्षा उपलब्ध गराउन भर्ना र मासिक शुल्क वापतको रकम गरी प्रति विद्यार्थी पाँच हजार आठ सय रुपैंया गाउँपालिकाबाटै व्योहोर्ने व्यवस्था मिलाइएको।<br>**"प्राविधिक विधामा रोजगारी, कानेपोखरीका छोराछोरी" कार्यक्रमः**<br>-प्रत्येक वडाबाट एक/एकजना गरी जम्मा ७ जना जेहेन्दार विद्यार्थीलाई प्रवीणता प्रमाण तह वा सो सरहको प्राविधिक विधामा छात्रवृत्ति उपलब्ध गराइने व्यवस्थाको सूचना प्रकाशन गरिएको।<br>-आफ्नै पहलमा स्नातक वा सोभन्दा माथिल्लोस्तरमा प्राविधिक विधामा अध्ययन गरी रहेका विद्यार्थीलाई समेत छात्रवृत्ति व्यवस्थापन समितिको सिफारिसमा छात्रवृत्ति स्वरुप केही रकम सहयोग गर्न छात्रवृत्ति व्यवस्थापन समितिको गठन गरी सकिएको।<br>**सासूको इच्छा,बुहारीलाई शिक्षा कार्यक्रमः**<br>-गाउँपालिका क्षेत्रभित्रको एक मात्र रमाइलो बहुमुखी क्याम्पसमा स्नातक तह अध्ययन गर्ने बुहारीहरुलाई गाउँपालिकाको तर्फबाट भर्ना र मासिक शुल्क व्योहोरिने व्यवस्था मिलाइएको।<br>-जनसेवा माविको २४ कोठे नमुना विद्यालय भवन निर्माण शिलान्यास गरिएको।<br>-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा कानेपोखरी गाउँपालिकाको गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७८ मा व्यवस्था भए बमोजिम गाउँपालिका |

| | | | |
|---|---|---|---|
| | | | क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षण उपशाखाबाटै गरी सोको प्रतिवेदन समेत संलग्न राखी सबै सामुदायिक विद्यालयहरुको अन्तिम लेखापरीक्षण गर्ने नीतिगत व्यवस्था मिलाइएको। |
| २. | सामाजिक विकास (स्वास्थ्य) | -**नागरिक उपचार सहायता कोष**को स्थापना गरिएको र उक्त कोषलाई व्यवस्थित र पारदर्शी तवरले कार्यान्वयनमा लैजान **कानेपोखरी गाउँपालिकाको नागरिक उपचार सहायता कोष परिचालन ऐन, २०७९** को तर्जुमा।<br>-मापदण्ड बमोजिमका लाभग्राहीहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्न र उक्त कार्यक्रम कार्यान्वयनमा पारदर्शिता ल्याउन **"कानेपोखरी गाउँपालिकाको स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९** को तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।<br>-नागरिक आरोग्य स्वास्थ्य सेवा केन्द्र स्थापना र सञ्चालन।<br>-कानेपोखरी अस्पताल, बयरवनबाट उपलब्ध हुने स्वास्थ्य सेवामा थप विस्तार गर्न औजार/उपकरण खरिदका लागि बजेट व्यवस्था।<br>-कानेपोखरी अस्पताल, बयरवनको नयाँ भवन निर्माण र विद्यमान भवनको प्रगती।<br>-"**स्वस्थ आमा, स्वस्थ बच्चा**" अभियान<br>-"**उद्यमसँगैं जनजीविका, प्याड उत्पादनमा स्वयंसेविका**" कार्यक्रम<br>-कानेपोखरी अस्पताल, बयरवनको वार्षिक आय र व्यय अनुमान सहितको बजेट निर्माणमा सैद्वान्तिक सहमती प्रदान र अस्पतालबाट उपलब्ध हुने सेवाको शुल्क निर्धारण, | -कडा एवम् नसर्ने प्रकृतिका रोग (मृगौला प्रत्यारोपण गरेको वा गर्नुपर्ने वा डायलाइसिसका विरामी, क्यान्सरका विरामी, मुटुको सर्जरी गर्नुपर्ने विरामी, प्यारालाइसिसको विरामी, सिक्कलसेल एनिमिया) र अन्य रोग लागेका विरामीलाई तत्काल औषधि उपचार सहायता उपलब्ध गराउन थालिएको। यसबाट **२०३ जना** नागरिकले उपचार सहायता वापतको रकम कोषबाट प्राप्त गर्नु भएको जसमा **रु. १३ लाख** ४४ **हजार** रकम खर्च भएको छ।<br>-सामुदायिक विद्यालयमा कक्षा १ र बाल कक्षामा भर्ना भएका विद्यार्थीका परिवार, कडा रोग लागेका व्यक्तिको परिवार, विपन्न परिवार भनी तोकिएका परिवार, महिला स्वास्थ्य स्वयंसेविका, सामुदायिक विद्यालयका वाल विकास केन्द्रका बाल विकास सहजकर्ता गरी करीब १५०० (पन्ध्र सय) परिवारको निःशुल्क स्वास्थ्य बिमा गर्नका लागि प्रत्येक वडास्तरबाट सार्वजनिक सूचना प्रकाशित गरी सकिएको।<br>-२ नं. वडा कार्यालय परिसरमा रहने गरी आयुर्वेद स्वास्थ्य सँग सम्बन्धित गाउँपालिकास्तरीय नागरिक आरोग्य स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको। उक्त केन्द्रबाट दैनिक ८० जनाको हाराहारीमा सेवाग्राहीहरुले सेवा लिने गरेको।<br>-कानेपोखरी अस्पताल, बयरवनमा डिजिटल एक्स रे, भिडियो एक्स रे र विस्तृत ल्याब परीक्षणका लागि आवश्यक पर्ने औजार/उपकरणको व्यवस्था गरी मौजुदा स्वास्थ्य सेवालाई थप परिष्कृत गर्न सामाग्री खरिद प्रकृया अघि बढाइएको। अस्पताल परिसरमा २४ सै घण्टा विद्युतीय सेवा उपलब्ध गराउन १५ केभिए क्षमताको जेनेरेटर खरिद गरी हस्तान्तरण गरिएको। पार्किङ, घेराबारा, पानी निकास लगायतका कार्यका अतिरक्त २ जनै चिकित्सकका लागि अस्पताल परिसरमै चिकित्सक आवास कक्ष निर्माण गरिएको।<br>निर्माणाधीन १५ शैयाको कानेपोखरी अस्पतालको पहिलो तला ढलान सम्पन्न भई दोस्रो तला ढलानका लागि अन्तिम चरणमा पुर्याइएको। तल्लो तलालाई चाडोभन्दा चाडो |

| | | | |
|---|---|---|---|
| | | | सम्पन्न गरी मौजुदा भवनबाट नयाँ भवनमा अस्पताल स्थानान्तरण गर्न तल्लो तलामा गारो लगाउने कार्य अघि बढाइएको।<br>-गर्भवती भएको १३ हप्तादेखि सुत्केरी भएको ६ हप्तासम्मका महिलाहरुलाई गाउँपालिकाको तर्फबाट निःशुल्क क्याल्सियम चक्की वितरण गर्न ल्याइएको **स्वस्थ आमा, स्वस्थ बच्चा** अभियान कार्यान्वयन गर्न क्याल्सियम चक्की खरिद प्रकृया अघि बढाइएको।<br>-महिलाहरुको प्रजनन स्वास्थ्यमा सहयोग गर्ने उद्देश्यले गाउँपालिका क्षेत्रभित्रका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई स्थानीयस्तरमै स्यानिटरी प्याड उत्पादन गर्न प्याड उत्पादन गर्ने तालिम दिई त्यसरी उत्पादन भएको प्याड गाउँपालिकाले खरिद गरी गाउँपालिका क्षेत्रभित्रका विपन्न परिवारका महिलाहरुलाई निःशुल्क वितरण गर्ने उद्देश्यले **"उद्यमसँगै जनजीविका, प्याड उत्पादनमा स्वयंसेविका"** कार्यक्रमलाई संस्थागत गर्न कार्यपालिकाबाट कार्यविधि पारित गरी सकिएको।<br>-कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८ ले कानेपोखरी अस्पताल, बयरवनको वार्षिक बजेट निर्माणको सैद्धान्तिक सहमती गाउँ कार्यपालिकाबाट हुने व्यवस्था गरेकोमा सो बमोजिम उक्त अस्पतालको आर्थिक वर्ष २०७९।०८० का लागि कुल आय रु. **२,९५,४६,७७५।००** र कुल व्यय रु. **२,९५,४६,७७५।००** सहितको वार्षिक बजेट तर्जुमाका लागि सैद्धान्तिक सहमती प्रदान गरी सकिएको।<br>-कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८ ले कानेपोखरी अस्पतालबाट उपलब्ध हुने सेवाको शुल्क गाउँ कार्यपालिकाले तोक्नेछ भनी व्यवस्था भएकोमा सो बमोजिम उक्त अस्पतालबाट उपलब्ध हुने विभिन्न ४८ प्रकारका सेवा तथा क्रियाकलापहरुको शुल्क निर्धारण गरिएको। |
| ३. | आर्थिक विकास<br>(पशु विकास) | -सुत्केरी गाई/भैंसी पालक कृषकलाई **सुत्केरी स्याहार भत्ता** वितरण कार्यक्रम<br>-**"आफ्नै बारी, अर्गानिक पोखरी"** कार्यक्रम<br>-वडातहबाटै पशु स्वास्थ्य सेवा उपलब्ध गराउन जनशक्ति खटनपटनको व्यवस्था, | -मापदण्ड निर्माण गरी सुत्केरी गाई/भैंसी पालक कृषकलाई प्रति कृषक एक हजार रुपैंया रकम प्रोत्साहनस्वरुप सम्बन्धित वडा कार्यालयबाटै उपलब्ध गराउने व्यवस्था मिलाइएको।<br>-करेसाबारी परिसरमा सानो स्केलको पोखरी निर्माण गरी अर्गानिक माछा उत्पादन गर्न चाहने इच्छुक कृषकलाई लक्षित गरी **"आफ्नै बारी, अर्गानिक पोखरी"** नामक कार्यक्रम सञ्चालनका लागि कार्यविधिको मस्यौदा अन्तिम चरणमा पुर्याइएको। |

| | | | |
|---|---|---|---|
| | | | -गाउँपालिकाको दक्षिणी भेकका पशुपालक कृषकहरुलाई नजिकैको स्थानबाट पशु स्वास्थ्य सम्बन्धी सेवा क्रमशः उपलब्ध गराउने सोचका साथ १ नं. र ३ नं. वडा कार्यालयमा रहेर काम गर्ने गरी पशु स्वास्थ्य प्राविधिक खटाइएको। १ नं. वडामा खटिने प्राविधिकले २ नं. वडामा समेत सेवा पुर्याउने र ३ नं. वडामा खटिने प्राविधिकले ४ नं. वडामा समेत सेवा पुर्याउने व्यवस्था मिलाइएको। अन्य वडामा समेत प्राविधिक जनशक्ति परिचालन एवम् व्यवस्थापन गर्न प्रकृया अघि बढाइएको। |
| | आर्थिक विकास (कृषि विकास) | -निःशुल्क माटो परीक्षण कार्यक्रम<br>-उत्पादन नियन्त्रण प्रणालीको स्थापना<br>-कूलो मर्मत/तोरी पकेट/कोल्ड रुम निर्माण,<br>-कृषि विज्ञानमा स्नातक जनशक्ति व्यवस्थापन, | -जनसेवा मावि, रमाइलोको ल्याब मार्फत् गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई समय/तालिका बमोजिम **निःशुल्क माटो परीक्षण** गर्ने व्यवस्था मिलाइएको।<br>-वास्तविक कृषकलाई मात्र गाउँपालिकाको तर्फबाट उपलब्ध गराइने अनुदानमा संलग्नता गराउन आगामी ५ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी **उत्पादन नियन्त्रण प्रणाली** स्थापनाको प्रकृयाको कार्य अघि बढाइएको।<br>-गाउँपालिकालाई तोरी पकेट क्षेत्र घोषणा गरिएकोमा उक्त कार्यक्रम अघि बढाउन सार्वजनिक सूचना प्रकाशन गरी सकिएकोमा विभिन्न २ वटा समुहले आवेदन समेत गरी सकिएको।<br>-साना किसान कृषि सहकारी संस्थासँगको लागत साझेदारीमा ४ नं. वडामा कोल्ड रुम निर्माण सम्पन्न गरिएको।<br>-विभिन्न ७ वटा स्थानमा कुलो निर्माण/मर्मतको व्यवस्था मिलाइएको।<br>-कृषि विज्ञानमा स्नातक गरेको एकजना प्राविधिक जनशक्ति व्यवस्थापनको कार्य अन्तिम चरणमा पुगेको। |
| ४. | पूर्वाधार विकास | -सडक मर्मत तथा ह्युमपाइप जडान<br>-विद्युत ट्रान्सफर्मर तथा विद्युत पोलको व्यवस्थापन, | -वर्षातको समयमा बिग्रे/भत्केका गाउँपालिका क्षेत्रभित्रका सबै वडाका मुख्य/मुख्य सडकहरु तत्काल मर्मतसम्भार गर्ने व्यवस्था मिलाउन मिक्सगिट्टी (२७०० घ.मि.) र विभिन्न साइजका ह्युमपाइप (६७ वटा) खरिद तथा जडानको कार्य गरिएको।<br>-रमाइलोबजारदेखि कानेपोखरी अस्पतालसम्म जाने कालोपत्रे सडक मर्मतका लागि छनोट गरी मर्मतको टेण्डर प्रकृया अघि बढाइएको।<br>-२ नं. वडाको माथिल्लो तलामा नागरिक आरोग्य सेवा केन्द्रको व्यवस्थापन गर्न बजेट विनियोजन गरिएको। |

| | | | |
|---|---|---|---|
| | | | -नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा कम भोल्टेज प्रवाह भैरहेको गाउँपालिकाको केन्द्र रहेको स्थान, अस्पताल तथा मुख्य/मुख्य बजार क्षेत्रभित्र ट्रान्सफर्मर जडान कार्य अघि बढाइएको।<br>-बजार क्षेत्रको सौन्दर्यता बिग्रने गरी विगतका दिनमा गडान भएका पुराना विद्युत पोल स्थानान्तरण गर्ने प्रकृया अघि बढाइएको। |
| ५. | संस्थागत विकास तथा सेवा प्रवाह | -सेवा प्रवाह सरलीकृत एकीकृत सफ्टवेयर निर्माण<br>-निवेदन लेखनमा तेस्रो पक्षको संलग्नतालाई नियन्त्रणोन्मुख,<br>-आन्तरिक आम्दानीमा सुधार,<br>-पूर्व जनप्रतिनिधिको कार्य/अनुभवलाई गाउँपालिकाको संस्थागत सम्पत्तिको रुपमा संकलन गरी कृति प्रकाशन,<br>-कार्यपालिकाको निर्णय तत्काल सार्वजनिकीकरण, | -सबै वडाबाट एकै प्रकृति र ढाँचामा सफ्टवेयर मार्फत् अधिकाँश सिफारिस पत्रहरु जारी गर्ने व्यवस्था मिलाइएको।<br>-वडा तथा गाउँ कार्यपालिकाको कार्यालयबाट संकलन हुने सम्भावित राजस्व चुहावट रोकथामका लागि राजस्व तिरेको भौचर नम्बर इन्ट्रि गरे पश्चात् मात्र चिठ्ठीपत्रहरु प्रिन्ट गर्ने व्यवस्था मिलाइएको।<br>-वडा कार्यालय तथा गाउँ कार्यपालिकाको कार्यालयबाट सामान्य एवम् नियमित प्रकृतिका सेवा लिन आउने सेवाग्राहीहरुले निवेदन लेखन वापत् लेखनदासलाई चर्को शुल्क तिर्नुपर्ने अवस्थालाई नियन्त्रणोन्मुख गरिएको। सेवाग्राहीको सहजताका लागि पालिका तथा वडाबाट उपलब्ध हुने सबै प्रकृतिका सेवाका लागि लेख्नुपर्ने निवेदनको ढाँचा कार्यालयबाटै निर्माण गरी प्रत्येक वडामा उपलब्ध गराउने कार्य अन्तिम चरणमा पुगेको।<br>-गाउँपालिकाको आम्दानी तथा स्वीकृत वार्षिक कार्यक्रम बमोजिमका क्रियाकलापबाट लाभ पाउने सबै लाभग्राहीहरुको विवरण वेभसाइट र फेसबुक पेज मार्फत् सार्वजनिक गर्ने प्रकृया आरम्भ गरिएको।<br>-गाउँ कार्यपालिकाको बैठक बसेको २४ घण्टाभित्र गाउँपालिकाको फेसबुक पेज र वेभसाइट मार्फत् सार्वजनिक गर्ने प्रकृया आरम्भ गरिएको।<br>-विकास निर्माण र सार्वजनिक सेवाका विषयमा विगतका दिनका जनप्रतिनिधिहरुले आफ्नो कार्यकालमा भोग्नुपरेको महत्वपूर्ण कार्य/अनुभवहरुलाई गाउँपालिकाको संस्थागत सम्पत्तिको रुपमा संरक्षण गर्दै **कृति** प्रकाशनको व्यवस्था आरम्भ गर्न निवर्तमान गाउँपालिका अध्यक्ष श्री ताराबहादुर काफलेज्यूको संयोजकत्वमा सरोकारवाला जनप्रतिनिधिहरु सम्मिलित एक कार्यदल गठन गरिएको र उक्त कार्यदलले यही पौष मसान्तभित्र आफूलाई सुम्पिएको कार्यसम्पन्न गर्ने व्यवस्था मिलाइएको। |

| | | | |
|---|---|---|---|
| ६. | प्रकोप व्यवस्थापन | -प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपको यथोचित व्यवस्थापन एवम् त्यसबाट प्रभावित स्थानीयबासीलाई गाउँपालिकाका तर्फबाट तत्काल राहत उपलब्ध गराउने सोचका साथ **कानेपोखरी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न वनेको ऐन, २०७९** को तर्जुमा,<br>-प्रकोप रोकथाम तथा नियन्त्रणका लागि बाँस पाइलिङ तथा लच्चिङका आयोजना सञ्चालन,<br>-**श्रममूलक प्रविधि**को मात्र प्रयोग गरेर चिसाङखोलाको नदीजन्य सामाग्री उत्खनन गरी विक्री वितरण गर्न ठेक्का बन्दोबस्त गरिएको। | -ऐनमा नै राहत रकमको सीमा निर्धारण गरी वितरणको पद्धति सहितको मापदण्ड उल्लेख गरिएको। ऐन लागू भए पश्चात् प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट क्षति पुगेका विभिन्न ८ जना स्थानीयबासीहरुलाई रु. ९१ हजार राहत गाउँपालिकाको तर्फबाट उपलब्ध गराइएको।<br>-चिसाङ, डाँस लगायतका विभिन्न खोलाखोल्सीबाट हुनसक्ने सम्भावित कटान नियन्त्रणका लागि विभिन्न १६ स्थानमा बाँस पाइलिङ तथा लच्चिङका आयोजना सञ्चालन,<br>-बेलबारी नगरपालिका र कानेपोखरी गाउँपालिकाको सीमामा रहेको चिसाङखोलाबाट उत्खनन गर्न सकिने नदीजन्य पदार्थको वातारणीय परीक्षण प्रतिवेदनले उल्लेख गरेको परिमाणलाई श्रममूलक प्रविधिको मात्र प्रयोग गरेर उत्खनन गरी विक्री/वितरण गर्न ठेक्का सूचना प्रकाशित गरी सकिएको। |
| ७. | सामाजिक सुरक्षा तथा लोक कल्याण | -विपन्न परिवारभित्रको सदस्यको मृत्यु भएमा मृत्यु संस्कार व्यवस्थापन खर्च वितरण गर्न मापदण्ड निर्माण,<br>-असहाय व्यक्तिको संरक्षण, तत्काल राहत तथा उद्दार गर्न मापदण्ड निर्माण,<br>-सफ्टवेयर मार्फत् अपाङ्गता भएका व्यक्तिको परिचयपत्र प्रिन्ट गरी वितरण<br>-जनता आवास कार्यक्रम मार्फत् आवासविहिन परिवारलाई घर हस्तान्तरण, | -विपन्न परिवारको कुनै सदस्यको मृत्यु भएमा त्यस्ता परिवारको रीतिरिवाज अनुसार मृत्यु संस्कारको कार्य गर्न एवम् व्यक्तिगत घटना दर्ता अभियानमा समेत आवद्ध गर्न विपन्न परिवार समुहभित्र पर्ने परिवारको वर्गीकरण सहित मापदण्ड निर्माण गरिएको। मापदण्डमा नै त्यस्ता परिवारलाई नगद पाँच हजार रुपैंया रकम उपलब्ध गराउने व्यवस्था मिलाइएको।<br>-कुनैपनि वडामा असहाय व्यक्ति भेटिए सो वडाका वडा अध्यक्षबाटै त्यसको संरक्षण, तत्काल राहत र उद्दार गर्न खर्चको सीमा र प्रकृया सहित उल्लिखित मापदण्ड निर्माण गरी कार्यान्वयनमा लगिएको।<br>-अपाङ्गता भएका व्यक्तिलाई वितरण गरिने परिचयपत्रको दिगोपनाका लागि कार्यालयमै सफ्ट्वेयर मार्फत् एटिएम कार्डको साइजमा परिचयपत्र छपाई गरी वितरण गर्ने प्रकृया आरम्भ गरिएको।<br>-जनता आवास कार्यक्रम मार्फत् २ नं. वडामा निर्मित सामुहिक आवासमा देहायमा उल्लिखित आवासविहिन स्थानीयबासीहरुलाई उक्त आवास तत्कालका लागि प्रयोग गर्न दिने व्यवस्था मिलाइएकोः<br>१. बखारु राजबंशी, कानेपोखरी २,<br>२. चेतबहादुर विष्ट, कानेपोखरी २, |

| | | | |
|---|---|---|---|
| | | | ३. पलान ऋषिदेव, कानेपोखरी २,<br>४. पाण्डु ऋषिदेव, कानेपोखरी २,<br>५. कोपिला सार्की, कानेपोखरी ५,<br>६. डम्बर बहादुर माझी, कानेपोखरी ५ |
| ८. | भूमिहिन दलित/सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका लागि जग्गा व्यवस्थापन | -भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि जग्गा वितरण कार्यमा सहजीकरण गर्न DGPS प्रविधिको अवलम्बन,<br>-६ नं. वडामा नापजाँच कार्य सम्पन्न भएका भूमि प्राप्त गर्न योग्य लाभग्राहीलाई जग्गा वितरण,<br>-जग्गा नाँपजाँचमा प्राविधिक जनशक्ति परिचालन, | -भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि जग्गा वितरण कार्यमा सहजीकरण गर्न DGPS मेशिनबाट नापी विभागको प्राविधिक टोली मार्फत् २५ वटा नियन्त्रण विन्दु र **गाउँपालिकाको तर्फबाट ४३ वटा** नियन्त्रण विन्दु गरी **जम्मा ६८ स्थानमा** नियन्त्रण विन्दु स्थापना गरिएको।<br>-भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम जग्गा नापजाँच सम्पन्न भएका ६२ जना भूमिहिन दलित/सुकुम्बासी र १०२ जना अव्यवस्थित बसोबासीलाई जग्गाको लालपूर्जा वितरण गर्न सिफारिस गरिएको। १०२ जना अव्यवस्थित बसोबासीले तिर्नुपर्ने राजस्व रकम बढी देखिन आएकोमा उक्त रकम उपर पुनर्विचार गरी दिन सम्बन्धित निकायहरुमा सिफारिससाथ लेखी पठाइएको।<br>-जग्गा नापजाँचको कार्यमा खटिएका प्राविधिक जनशक्तिलाई कार्यालय समयका अतिरिक्तको समयमा समेत परिचालन गरिएको।यसका लागि त्यस्ता जनशक्तिलाई गाउँपालिकाको तर्फबाट थप प्रोत्साहन सुविधा उपलब्ध गराइएको। |

**आयोजक**

**कानेपोखरी गाउँपालिका, मोरङ**